ॐ सरस्वती नः सुभगा मयस्करत्

सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमद ।

# नेपाल संस्कृत विश्वविद्यालय

# अनुसन्धान केन्द्र

पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम

मिति २०७८।०२।१६

## पहिलो सेमेस्टरको कक्षा सञ्चालनसम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत विद्यावारिधि शोधकार्यका लागि अस्थायी पञ्जीकरण गरेका तर कक्षा सञ्चालन हुन नसकेका शोधार्थीहरूको प्रथम सेमेस्टरको १२ क्रेडिट आवरको कक्षा आगामी आषाढ १ गते मङ्गलवारदेखि विद्युतीय माध्यमबाट सञ्चालन हुन लागेको कुरा जानकारी गराइन्छ । उक्त कक्षासम्बन्धी विस्तृत जानकारी निम्नानुसार छः

## पूर्वतयारी सम्बन्धमा

१. कक्षामा सहभागिताका लागि सर्वप्रथम निम्न कागजात स्क्यान गरी **researchcenter@nsu.edu.np** मा पठाउनु पर्नेछ :

   - ☐ अस्थायी पञ्जीकरण शुल्क नेसंवि अनुसन्धान केन्द्रको खातामा जम्मा गरेको बैँक भौचर वा नगदी रसिदको स्क्यान प्रति,
   - ☐ विद्यावारिधि कक्षामा सहभागिताबापतको शुल्क नेसंवि अनुसन्धान केन्द्रको राष्ट्रिय वाणिज्य बैँक तुल्सीपुर दाङमा रहेको चल्ती खाता **Ne.Sam.Bi. Anusandhan Kendra 4160100005484001** मा जम्मा गरेको बैँक भौचर वा अनलाइन ट्रान्जेक्सन डकुमेन्टको स्क्यान प्रति,
   - ☐ कक्षामा सहभागी हुनका लागि कार्यकारी निर्देशकलाई सम्बोधन गरी लेखिएको निवेदनको स्क्यान प्रति ।

२. विद्यावारिधि पहिलो सेमेस्टरको कक्षा नेपाल संस्कृत विश्वविद्यालयले अनलाइन कक्षा सञ्चालनका लागि प्रयोग गरिरहेको Microsoft Teams App मार्फत सञ्चालन हुनेछ । तसर्थ सबै शोधार्थीले आफ्नो कम्प्युटरमा उक्त प्रविधि र इन्टनेटको समेत निर्बाध व्यवस्था मिलाई चुस्त दुरुस्त राख्नुपर्नेछ ।

३. कक्षा प्रयोजनका लागि विश्वविद्यालयले हरेक शोधार्थीको इमेल आइडी निर्माण गरी उपलब्ध गराउने छ । कक्षामा संलग्न हुँदा सोही आइडी प्रयोग गर्नु पर्नेछ । सो आइडी विद्यावारिधि शोध अवधिभरि अनुसन्धान केन्द्र र विश्वविद्यालयसँग सम्बन्धित औपचारिक कार्यालयीय कामका लागि प्रयोग गर्न सकिनेछ ।

४. कक्षा २०७८ असार ०१ गते बिहान ७.०० बजेदेखि सुरु हुनेछ र लगभग १ महिनासम्म नियमित सञ्चालन हुनेछ । तसर्थ कक्षा अवधिका लागि अहिलेदेखि नै समय व्यवस्थापन गर्न हरेक शोधार्थीलाई अनुरोध छ ।

५. अनलाइन कक्षाको पाठ्यक्रम र विषयवस्तुबारे असार ०१ गते विस्तृत रूपमा जानकारी गराइने छ ।

६. आफू कक्षामा सहभागी हुन सक्ने वा नसक्ने भन्ने बारेमा २०७८ ज्येष्ठ २७ गतेभित्र अनुसन्धान केन्द्रलाई जानकारी गराइसक्नु पर्नेछ ।

## कक्षामा पालना गर्नुपर्ने नियम सम्बन्धमा

१. हरेक दिन प्रातः र अपराह्न गरी दुई चरणमा कक्षा सञ्चालन हुनेछ । प्रातःकालीन कक्षा ७.०० बजेदेखि १०.३० सम्म र अपराह्न कक्षा ३.३० देखि ७.०० बजेसम्म सञ्चालन हुनेछ । दुवै चरणमा सबै शोधार्थीको उपस्थिति अनिवार्य छ ।

२. विद्यावारिधिको स्थायी करारका लागि पात्रता प्राप्त गर्न अनलाइन कक्षामा कम्तीमा ७० प्रतिशत उपस्थिति अनिवार्य छ । Microsoft Teams App मार्फत सबै शोधार्थीको कक्षामा उपस्थिति वा अनुपस्थितिको अनलाइन अनुगमन गरिने हुँदा कक्षामा उपस्थितिबारे पहिले नै सावधानी अपनाउन अनुरोध छ ।

३. हरेक कक्षाको अन्त्यमा तीन जना शोधार्थीलाई आफूले शोधप्रबन्ध लेख्ने भाषामा भर्खरैको कक्षामा सिकेको र अभ्यास गरेको विषयवस्तुबारे १० मिनेटको व्याख्यान प्रस्तुत गर्न लगाइनेछ । यसका लागि शोधार्थीलाई पालैपालो मौका दिइनेछ । कुन दिन कसको पालो छ भन्ने कुरा पहिल्यै सूचित गरिनेछ ।

४. हरेक दिन कक्षा सकिएपछि गृहकार्यका लागि पर्याप्त समय प्रदान गरिनेछ । गृहकार्यका लागि एउटा छुट्टै कपी वा रजिस्टरको व्यवस्था पहिले नै मिलाउनु पर्नेछ । अनलाइन कक्षा समाप्त भएपछि गृहकार्यको उक्त कपी वा रजिस्टरमा बाहिरबाट आफ्नो नाम लेखी नेसंवि अनुसन्धान केन्द्रमा बुझाउनु पर्नेछ ।

५. अध्ययनका लागि अनलाइनमा जोडिएका बेला आफ्नो घरमा छुट्टै कोठाको व्यवस्था गर्नुपर्नेछ, ताकि बाहिरको हल्लाखल्ला र कोलाहलले स्वयम् शोधार्थी र अन्य सहभागीको अध्ययन अध्यापन एवम् एकाग्रतामा कुनै असर नपरोस् ।

## एक महिना अवधिको कक्षा पछि के गर्ने ?

१. अनलाइन कक्षा सकिएपछि हरेक पत्रअन्तर्गत ४० पूर्णाङ्कको लिखित परीक्षा लिइनेछ । लिखित परीक्षाको समयतालिका, मिति र प्रक्रिया एवम् दोस्रो सेमेस्टरको कार्यविधिबारे अनलाइन कक्षा समाप्त हुनु केही दिन अघि जानकारी गराइनेछ ।

**थप जानकारीका लागि निम्न टेलिफोन नम्बरमा सम्पर्क राख्न सक्नुहुनेछः**

**प्रा.डा.सुधन पौडेल (कार्यकारी निर्देशक)**

**मोबाइलः ९८४१६०५०९७**